# चितवनलाई ...

## चितवनको जितमा कप्तान विशा... म्याच घोषित भएका हुन्। शुक्र...

अनिल मल्ल ठकुरी
काठमाडौं, पुस ६



गोलकिपर विशाल श्रेष्ठले अन्तर्राष्ट्रिय करियरबाट संन्यास घोषणा गरेको दिन उनको टोली एफसी चितवनले शुक्रबार झापा एफसीमाथि २-० को जित निकाल्दै नेपाल सुपर लिग(एनएसएल) को दोस्रो सिजनको यात्रा टुङ्ग्याएको छ।

विशालको प्रदर्शन प्रेरित चितवनले प्लेअफमा स्थान बनाउन संघर्षरत झापामाथि जित निकाल्यो। चितवनको जितमा कप्तान विशाल म्यान अफ द म्याच चयन भए। उनी लगातार दोस्रो खेलमा म्यान अफ द म्याच घोषित भएका हुन्। शुक्रबार उनले झापाका कप्तान अञ्जन विष्टको पेनाल्टी प्रहार बचाएका थिए। त्यसबाहेक उनले धेरै आक्रमणमा उत्कृष्ट बचाउ गर्दा झापाको खेलमा फर्किन प्रयास नै असफल भयो। यो सिजन विशालको यो दोस्रो क्लिन सिट हो। यसअघि स्पोर्टिङ इलामसँगको खेलमा पनि उनले गोल बेहोरेका थिएनन्।

शुक्रबार पनि विशालले सोही लय द्रोहोऱ्याउँदा एफसी चितवन लगातार दोस्रो सिजन पुछारमा रहेर यात्रा टुङ्ग्याउनबाट बच्यो। गत संस्करणमा चितवनले पुछारमा रहेर खेलको अन्त्य गरेको थियो। विशालले आफ्नो टोलीलाई लगातार दोस्रो सिजन पुछारमा रहनबाट जोगाउन पाउँदा खुसी लागेको बताए। 'हामी शीर्ष चारका लागि योग्य टोली नै थियौं। तर, उतारचढाव रहँदा लक्ष्य पूरा हुन सकेन। यस पटक पनि पुछार रहने चिन्ता थियो। यद्यपि, यो जितले माथि उक्लिएका छौं,' १० वर्षसम्म राष्ट्रिय टोलीमा सेवा गरेका विशालले भने, 'त्यसैले यो जितबाट धेरै खुसी छु।'

नयाँ गोलकिपर आउने वातावरण ...

स्थानमा उक्ल... सातौं मिनेटमा ... एफसी चितवन... विमल घ... एबमुबारिक ... अमिनुले हे... हुन्। १४औं ... विक्रम धिम... लिन सकेन ... हेदर बार ...

# खेलकुद बिमालेख जारी

काठमाडौं, पुस ६ (नागरिक)- राष्ट्रिय खेलकुद परिषद् (राखेप) को पहलमा पहिलो पटक खेलकुद बिमालेख जारी भएको छ।

विश्वभर धेरै राष्ट्रमा खेलाडीहरूको मनोबल बढाउन खेलकुद बिमालेख जारी हुने गरे पनि नेपालमा भने यसको सुरुआत हुन सकेको थिएन। खेलाडी घाइते भएपछि आफ्नो खेकरियर बिट मार्न बाध्य हुँदै आएका घटना नेपाली खेलकुदमा छन्। नेपाली खेलकुदको संस्थागत विकास सुरु भएको करिब आठ दशक पुग्न लाग्दा पहिलो पटक खेलकुद बिमालेख जारी भएको छ। राखेप सदस्यसचिव टंकलाल घिसिङले २०७८ मंसिर १४ गते पदभार समालेकै दिन खेलकुद बिमालेखको सुरुआत गर्ने घोषणा गरेका थिए।

उनकै योजनाअनुरूप राखेपको प्रस्तावमा नेपाल बिमा प्राधिकरणले खेलकुद बिमालेख जारी गरेको हो। शुक्रबार त्रिपुरेश्वरस्थित आफ्नै भवनमा पत्रकार सम्मेलन गर्दै राखेपले खेलकुद बिमालेख जारी भएको जनाएको हो। यससँगै राखेपले नेपाली खेलकुद क्षेत्रका लागि नयाँ अध्याय सुरु भएको सदस्यसचिव टंकलाल घिसिङले बताए।

"Access to All"

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रीय कार्यालयः काठमाडौं-२, लाजिम्पाट
सम्पर्क नं.: ०१-४५४५४२४/२५/२६ कल सेन्टर: ०१-५९७०१७९
इमेलः info@garimabank.com.np वेबसाईटः www.garimabank.com.np

## सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८० पौष ७ गते शनिबार (नागरिक राष्ट्रिय दैनिक)

यस गरिमा विकास बैंक लिमिटेडको मिति २०८० पौष ६ गते साँझ ६:०० बजे बसेको सञ्चालक समितिको २९८औं बैठकको निर्णय अनुसार कम्पनीको सत्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएको हुदाँ सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८० पौष २९ गते आइतबार (तद्नुसार जनवरी १४, २०२४)
समय : बिहान ११:०० बजे
स्थान : होटल पोखरा ग्राण्ड, बिरौटा, पोखरा, कास्की।

**(क) सामान्य प्रस्तावहरु**

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको विकास बैंकको २०८० आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७९/८० को नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने।
३. सञ्चालक समितिको प्रस्ताव बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,१८,७६,८७,०५७.१४ (अक्षरेपि पाँच अर्ब अठार करोड छयहत्तर लाख सतासी हजार सन्ताउन्न र पैसा चौध मात्र) को ०.५० प्रतिशतले हुन आउने रकम रु.२,५९,३८,४३५.२९ (अक्षरेपि दुई करोड उनान्साठी लाख अड्तीस हजार चार सय पैतीस र पैसा उनन्तीस मात्र) नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने।
४. आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने।

**(ख) विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिको प्रस्ताव तथा नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,१८,७६,८७,०५७.१४ (अक्षरेपि पाँच अर्ब अठार करोड छयहत्तर लाख सतासी हजार सन्ताउन्न र पैसा चौध मात्र) को ९.५० प्रतिशतले हुन आउने रकम रु.४९,२८,३०,२७०.४३ (अक्षरेपि उनान्पचास करोड अठ्ठाईस लाख तीस हजार दुई सय सत्तरी र पैसा त्रिचालिस मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने।
२. विकास बैंकको हाल कायम अधिकृत पूँजीलाई बृद्धि गरी रु.५,७०,००,००,०००।०० (अक्षरेपी पाँच अर्ब सत्तरी करोड मात्र) कायम गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।

